# स्थानीय राजपत्र

**रुवी भ्याली गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड) ८ धादिङ, बागमती प्रदेश, नेपाल, २८ चैत्र, २०८१ साल ( संख्याः२)**

**भाग-२**

## शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०८१

**प्रस्तावनाः**

नेपाल सरकार, मन्त्रिपरिषदबाट साविकमा नेपाल सरकारले जिल्लागत रुपमा उपलब्ध गराएको प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका दरबन्दी तथा राहत अनुदान कोटालाई शिक्षा ऐन, २०२८ को दफा ११ को उपदफा  (५) को खण्ड (च) बमोजिमको दरबन्दी मिलान कार्य स्थानीय तहगत रुपमा बाँडफाड गरी दरबन्दी मिलान गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई जिम्मेवारी दिने गरी मिति २०७६।०५।०४ मा भएको निर्णयलाई प्रक्रियागत रुपमा सरल, सहज र पारदर्शी ढंगबाट कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ ज (११) को व्यवस्था कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले दिएको अधिकार प्रयोग गरी यो शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१ रुवी भ्याली गाउँपालिका गाउँकार्यपालिकाले बनाई लागु गरेकोछ ।

कार्यपालिकाबाट स्वीकृत मितिः२०८१।१२।२६

## परिच्छेद -१
## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नामः शिक्षक दरवन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०८१ रहेको छ।

ख) यो कार्यविधि रुवी भ्याली गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२.परिभाषाः**

क) **शिक्षा शाखा** भन्नाले रुवी भ्याली गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनु पर्छ।

ख) **ऐन** भन्नाले शिक्षा ऐन,२०२८ सम्झनु पर्छ।

ग) **नियमावली** भन्नाले शिक्षा नियमावली, २०५९ लाई सम्झनु पर्छ।

घ) **गाउँ शिक्षा समिति** भन्नाले रुवी भ्याली गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ।

ङ) **अध्यक्ष** भन्नाले रुवी भ्याली गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

च) **प्रमुख प्रशासकिय अधिकृत** भन्नाले रुवी भ्याली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ

छ) **शिक्षा अधिकृत** भन्नाले रुवी भ्याली गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्छ।

ज) **स्रोतव्यक्ति** भन्नाले विद्यालय निरीक्षण र अनुगमन गर्न तथा शैक्षिक सूचनाहरु संकलन गरी प्रतिवेदन पेश गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ।

झ) **स्थानीय तह** भन्नाले रुवी भ्याली गाउँपालिकालाई सम्झनु पर्छ।

ञ) **प्रधानाध्यापक** भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवरी तोकेको शिक्षक सम्झनु पर्छ।

ट) **विद्यालय** भन्नाले प्रचलित विद्यालयहरुलाई कानुन बमोजिम अनुमति वा स्वीकृती लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालयलाई सम्झनु पर्छ।

ठ) **शिक्षक** भन्नाले नेपाल सरकारबाट स्वीकृत दरबन्दी, राहत र अनुदानमा कार्यरत सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुलाई सम्झनु पर्छ।

ड) **दरबन्दी** भन्नाले सामुदायिक विद्यालयमा प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ सो शब्दले राहत, अनुदान कोटा समेतलाई जनाउँछ।

## परिच्छेद - २
## शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था

**३. शिक्षक दरबन्दी मिलानः शिक्षक दरबन्दी मिलान देहायको आधारमा गरिनेछ।**

क) यस रुवी भ्याली गाउँपालिकाको प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक तहको दरबन्दी कटौती हुने शिक्षकको शिक्षक दरबन्दी कार्यदल समितिको निर्णय अनुसार स्थायी शिक्षक, राहत शिक्षक, करार शिक्षक र गाउँपालिका अनुदान शिक्षकहरुको दरबन्दी मिलान गरिनेछ।

ख) यस रुवी भ्याली गाउँपालिकाको प्राथमिक तह स्तरको शिक्षक दरबन्दी मिलान गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा IEMIS मा प्रविष्टीकरण भएको विद्यार्थी संख्याको आधारमा गरिनेछ।

ग) प्राथमिक तहको दरबन्दी कटौती गर्दा र थप गर्दा प्राथमिक तहमा विद्यालयमा ५० जना सम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सो भन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना शिक्षक कायम गरिनेछ। शिक्षा नियमावलीको अनुसूची १२ (ख) (ग) र (घ) ले तोके अनुसार कक्षा १ देखि कक्षा ५ सम्म सञ्चालित विद्यालयमा प्राथमिक तहका शिक्षक कम्तीमा ३ जना, कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालयमा ७ जना, ६ कक्षा देखि ८ कक्षा सञ्चालित विद्यालयमा ४ जना शिक्षक, ९ देखि १२ कक्षा सञ्चालित विद्यालयमा ८ जना शिक्षक, ६ देखि १० कक्षा सञ्चालित विद्यालयमा ९ जना शिक्षक रहने छ। प्राथमिक तहमा बढी भएको शिक्षक दरबन्दी नियमावलीले तोके अनुरुप विषय र योग्यताको आधारमा निम्न माध्यमिक, माध्यमिक तहमा दरबन्दी मिलान गरिने छ।

घ) निम्न माध्यमिक, माध्यमिक तहमा दरबन्दी कम भएका विद्यालयमा दरबन्दी मिलान गर्दा योग्यता र विषयको आधारमा गरिनेछ।

ङ) आधारभूत तह कक्षा १-८ सम्म सञ्चालन भएको विद्यालयमा कम्तीमा विद्यार्थी संख्याको आधारमा ७ जना शिक्षक रहनेछ।

च) माध्यमिक तह कक्षा १-१० सम्म सञ्चालन भएको विद्यालयमा कम्तीमा १२ जना शिक्षक रहनेछ र माध्यमिक तह कक्षा १-१२ सम्म सञ्चालन भएको विद्यालयमा कम्तीमा १५ जना शिक्षक रहनेछ।

छ) शिक्षक दरबन्दी कटौती र थप मिलान गर्दा रुवी भ्याली गाउँपालिकाको ६ वटै वडाका विद्यालयका शिक्षकलाई जुन सुकै वडाका विद्यालयमा सरुवा गरी पठाउन सकिनेछ।

ज) लामो समय देखी घर अपायक विद्यालयमा रहेका महिला शिक्षक वा प्र. अ. लाई सकेसम्म घर पायक पर्ने विद्यालयमा सरुवा गरिनेछ।

झ) शिक्षक दरबन्दी मिलानको क्रममा महिला शिक्षकलाई सकेसम्म घरपायक पर्ने विद्यालयमा सरुवा गरी पठाउन सकिनेछ।

ञ) शिक्षक दरबन्दी मिलान गर्दा दृष्टिविहिन, अपाङ्ग, महिला वा पुरुष शिक्षकलाई घर पायक विद्यालयमा सरुवा गरिनेछ।

ट) दरबन्दी कटौती भई दरबन्दी कायम भएका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकहरुलाई आवश्यकता हेरी एकै पटक वा पटक पटक गरी शिक्षक नपुग हुने विद्यालयमा सरुवा गरी पठाउन सकिनेछ।

ठ) लामो समय देखी घर अपायक विद्यालयको निम्न माध्यमिक र माध्यमिक तहमा अध्यापन गराउदै आएका नेपाली/अग्रेजी/गणित/बिज्ञान र अन्य बिषयका शिक्षकलाई घरपायक सरुवा हुन चाहने त्यस्ता शिक्षकलाई हालको विद्यालयको निम्न माध्यमिक र माध्यमिक तहमा दरबन्दी मिलानको क्रममा बिषयगत शिक्षकको व्यवस्थापन गरिनेछ।

ड) शिक्षक दरबन्दी कटौती भएका विद्यालयका करार र स्थायी पुरुष वा पुरुष प्र.अ. लाई सकेसम्म घरपायकको विद्यालयमा र सो सम्भव नभए गाउँपालिका भित्रका जुन सुकै विद्यालयमा सरुवा गरी पठाउन सकिनेछ।

ढ) शिक्षक दरबन्दी मिलान गर्दा प्राथमिक, निम्न माध्यमिक, माध्यमिक तहमा बिषयगत र तहगत शिक्षक कटौती हुने दरबन्दी र थप हुने शिक्षक दरबन्दी सख्याको आधारमा शिक्षक व्यवस्थापन गरिनेछ।

ण) गा.पा. अनुदान कोटाका शिक्षकलाई गा.पा. अनुदान दरबन्दीका रुपमा नै दरबन्दी मिलानमा समावेश गरिनेछ।

त) संघीय अनुदान र प्रदेश अनुदान कोटाका शिक्षकलाई सघीय अनुदान र प्रदेश अनुदान दरबन्दीका रुपमा नै दरबन्दी मिलानमा समावेश गरिनेछ।

थ) दरबन्दी मिलान गर्दा कक्षा (१-३), कक्षा (४-५), कक्षा (६-८), कक्षा (९-१०), कक्षा (११-१२) मा अध्ययनरत विद्यार्थी सख्याका आधारमा शिक्षक मिलाई दरबन्दी मिलान गरिनेछ।

द) शिक्षक दरबन्दी मिलान कार्यदल समिति र गाउँ शिक्षा समितिको निर्णय भएमा एउटा विद्यालयमा भएको राहत कोटा र अर्को विद्यालयमा रहेको स्थायी शिक्षक, अस्थाई/करार राहत शिक्षक र गाउँपालिका अनुदान शिक्षकको सरुवा वा दरबन्दी मिलान गरिनेछ।

## परिच्छेद - ३

## शिक्षक दरबन्दी मिलानका नीतिगत व्यवस्था

**४. शिक्षक दरबन्दी मिलानका लागि देहाय बमोजिम नीतिगत व्यवस्था रहनेछ।**

क) दरबन्दी मिलान गर्दा साविकमा रहेको प्राथमिक तह कक्षा (कक्षा १-५ सम्म), निम्न माध्यमिक तह (कक्षा ६-८ सम्म), माध्यमिक तह (कक्षा ९-१० सम्म), र उच्च माध्यमिक तह (कक्षा ११-१२ सम्म) लाई आधार मानी गरिनेछ।

ख) दरबन्दी मिलान गर्दा नेपाल सरकारले विद्यालयलाई उपलब्ध गराएको प्राथमिक तह, निम्न माध्यमिक तह, माध्यमिक तहको दरबन्दी, राहत अनुदानलाई समेत गणना गरिनेछ।

ग) कुनै विद्यालयमा माथिल्लो तहमा दरबन्दी अपुग भएको अवस्थामा तल्लो तहमा बढी भएको अवस्थामा तल्लो तहमा बढी भएको रहेछ भने सबै तहको शिक्षक दरबन्दी एकमुष्ठ गणना गरी नियमावली बमोजिम न्यूनतम दरबन्दी सुनिश्चित कायम गरी विद्यालयगत दरबन्दी मिलान गरिनेछ।

घ) दरबन्दी मिलानको क्रममा सरुवा गरी खटाइएको शिक्षकलाई सम्बन्धित विद्यालयका प्रधानाध्यापकले अनिवार्य रुपमा रमाना दिनुपर्नेछ र खटाइएको शिक्षकले प्रचलित कानुन बमोजिम अनिवार्य रुपमा खटाइएको विद्यालयमा हाजिर हुन जानु पर्नेछ।

ङ) प्राथमिक तहमा बढी भएको दरबन्दीका शिक्षकलाई योग्यता र क्षमताका आधारमा कार्यविधि बमोजिम निम्न माध्यमिक, माध्यमिक तहमा दरबन्दी मिलान गरिनेछ।

## परिच्छेद - ४

## शिक्षक दरबन्दी मिलान कार्यदल

**५. शिक्षक दरबन्दी मिलान गर्न निम्न बमोजिम कार्यदल रहनेछ।**

१.शिक्षा समितिको संयोजक -अध्यक्ष

२. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

३. शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुख -सदस्य

४. प्रा.स./स्रोतव्यक्ति शिक्षा शाखा -सदस्य

५.गाउँपालिका अध्यक्षले तोकेको वडा अध्यक्ष वा कार्यपालिका सदस्य २ जना - सदस्य

६. शिक्षक महासंघको प्रतिनिधि – सदस्य

## परिच्छेद - ५

## विविध

(१.) यस रुवी भ्याली गाउँपालिका अन्तर्गत जम्मा २१ वटा विद्यालयहरु रहेका छन् । जस मध्ये ४ वटा माध्यमिक विद्यालयहरु (कक्षा १–१० कक्षा सञ्चालन २ वटा), (कक्षा १–१२ कक्षा सञ्चालन २ वटा), (कक्षा १–८ कक्षा सञ्चालन २ वटा), (कक्षा १–२ कक्षा सञ्चालन १ वटा), (कक्षा १–३ कक्षा सञ्चालन ३ वटा), (कक्षा १–५ कक्षा सञ्चालन १० वटा) र (धार्मिक विद्यालय कक्षा १–५ कक्षा सञ्चालन १ वटा) गरी जम्मा २१ वटा विद्यालयहरु रहेका छन् ।

(२.) यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुन सँग बाझिएमा बाझिएको हद सम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

(३.) यो कार्यविधि लागू हुनुभन्दा पहिले संघीय तथा प्रदेश कानून बमोजिम रुवी भ्याली गाउँपालिका भित्र सम्पन्न शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

आज्ञाले
नविन कुमार गोले
प्रमुख प्रशासकीय अधिकृत